श्री

**सभामा उपस्थित सदस्य ज्युहरु, कर्मचारी, पत्रकार, सुरक्षाकर्मी ज्युहरु ।**

१. स्थानीय सरकारको रुपमा रहेको यस गाउँपालिकाको प्रमुखको रुपमा मैले नेतृत्व गरेको सरकारको अन्तिम चरणको नीति तथा कार्यक्रम कोभिड-१९ को विषम परिस्थिति, अस्तव्यस्त जनजीवन, असामान्य मौसमले निम्त्याएको पिडा र विविध चुनौतीहरुको बावजुद पनि यस आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

२. स्थानीय सरकारको क्षमताले भ्याएसम्म रोकथाम र उपचारको कार्यहरु गर्दागर्दै पनि विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ बाट अमूल्य जीवन गुमाउन पुग्नु भएका सम्पूर्ण दिदीबहिनी दाजुभाइहरुमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै आफन्तजन गुमाउनु भएका परिवारहरुमा हार्दिक समवेदना प्रकट गर्दछु । संक्रमणबाट प्रभावित भई उपचारमा रहनुभएका सबैमा शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. नेपाली जनताको रक्षा र स्वतन्त्रताको लागि भएका सम्पूर्ण प्रजातान्त्रिक आन्दोलनका र संघर्षमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै परिवर्तनका संवाहक, राष्ट्र र राष्ट्रियता, लोकतन्त्र तथा समाजवादको आन्दोलनमा नेतृत्व गर्नुहुने अग्रजहरुको योगदानको स-सम्मान स्मरण गर्न चाहन्छु ।

४. कोभिड-१९ लगायत विभिन्न विपदमा खटिनु भई जनताको जिउ धनको सुरक्षामा अग्रपंतिमा सेवारत सम्पूर्ण स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार, स्वंयमसेवक तथा जनप्रतिनिधिहरुको उच्च सम्मान गर्दै यहाँहरुको उच्च मूल्यांकन हुनेछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

५. नेपालको संविधानले निर्दिष्ट गरेका जनताको लोकतान्त्रिक अधिकारको सम्मान गर्दै यस गाउँपालिकाको स्थापना देखि नै यहाँका नागरिकहरुको आवश्यकता, इच्छा र चाहना अनुरुप हरपल कर्तव्यनिष्ठ र क्रियाशील रहँदै आएको सबैलाई सर्वविदितै छ । साथै आउँदा दिनहरुमा पनि यहाँहरुको उन्नतिमा तनमनका साथ कर्म-भूमिमा रहने छु भन्ने विश्वास दिलाउन चाहन्छु ।

६. हुप्सेकोटवासीको विकास प्रतिको उच्च आकांक्षा, सिमित श्रोत र साधन, विश्वव्यापी रोगले आक्रान्त मानव जीवन, हामी सबैको कार्यक्षेत्रमा भएको लगानी आदिका कारण गत आर्थिक वर्षमा आशा गरिएको जति प्रतिफल प्राप्त नभएपनि केही महत्वपूर्ण उपलब्धिहरु प्राप्त भएका

छन् । आर्थिक वर्ष २०७७/०७८ मा हामीले हासिल गरेका केही उपलब्धीहरु यस सम्मानित गाउँसभामा पेश गर्दछु ।

## आर्थिक वर्ष २०७७/०७८ मा सम्पन्न भएका महत्वपूर्ण उपलब्धीहरुः

- आर्थिक वर्ष २०७७ साउन १ देखि २०७८ असार १ गते सम्म यस गाउँपालिकामा जम्मा रु.३२ लाख १ हजार ८ सय ८९ दशमलब ६५ पैसा राजस्व आम्दानी भएको छ ।

### पशु सेवा शाखा अन्तर्गतका उपलब्धीहरु

- चालु आर्थिक वर्षमा गाउँपालिका अन्तरगत बन्दुकेथान, मौलाथर, भडारी, अधमारा, रुम्सी, धौवादी, पाङ्ग्रे लगायतका स्थानहरुमा निःशुल्क पशु स्वास्थ्य कार्यक्रम, झाँतिमा कालिज प्रर्वद्धन कार्यक्रमहरु सञ्चालन गरी पशु सेवा शाखाको सेवा प्रवाहलाई जनताको घरदैलोमा पुऱ्याइएको र यसबाट ४७९ घरधुरी लाभान्वित भएका छन् ।
- यसैगरी निःशुल्क औषधी वितरण कार्यक्रमबाट ५७२ र बाँझोपन शिविर कार्यक्रमबाट ३१ जना पशुपालक कृषकहरु लाभान्वित भएका छन भने २७६ कृषकलाई निःशुल्क घाँसको बिउ वितरण तथा २६७० पशुचौपायामा कृत्रिम गर्भाधानको कार्यक्रम सम्पन्न भएका छन् ।

- साथै चालु आर्थिक वर्ष मा ५१०४ पशुचौपायामा खोरेत खोप, ३१२ बंगुर स्वाइन फिवर खोप, १५०० बाख्रामा पि पि आर खोप र ९२ चौपायामा रेबिज खोप लगाउने कार्यक्रम सम्पन्न गरिएको छ भने ९० वटा बाख्रामा नश्ल सुधार कार्यक्रम तथा वडा नं. १ को बेलुवामा भेडा संरक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।
- कुखुरा भाले बधुवा कार्यक्रम गाउँपालिकाको उपयुक्त क्षेत्रहरुमा यसै आर्थिक वर्षमा सम्पन्न हुने गरि संचालन गरिएको छ ।

### महिला बालबालिका तथा जेष्ठ नागरिक

- गाउँपालिका स्तरीय एकल महिला संजाल र ६ वटै वडाहरुमा एकल महिलाको वडा स्तरीय एकल महिला संजाल गठन गरिएको छ ।
- एकल महिला आयआर्जन तथा स्वावलम्बन कार्यक्रम अन्तर्गत २० जना एकल महिलाहरुलाई फाईबर झोला प्रिन्ट गर्ने तालिम तथा व्यवसाय सुरुवात गर्नका लागी प्रति व्यक्ति रु. ५,०००/- बिउपूंजी (Seed Money) यसै आर्थिक वर्षमा उपलब्ध गराईएको छ ।
- बृद्धबृद्धाहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी वडा नं. ५ र ६ का जेष्ठ नागरिकहरुलाई न्यानो कपडा र पौष्टिक आहार वितरण गरिएको छ ।
- अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम सम्पन्न गरी ................जना नयाँ पुस्ताहरुमा सीप पुस्तान्तरण र १५ जोडी सासु-बुहारीहरुमा सासु-बुहारी अन्तरक्रिया र १५ जोडी श्रीमान-श्रीमतीहरुमा महिला-पुरुष समविकास कार्यक्रम सम्पन्न गरिएको छ ।
- महिला विकास कार्यक्रम अन्तर्गत १८ समूह र ३ समिति गठन गरी ९० जना महिलाहरुलाई सशक्तिकरण तर्फ पहिलो चरणको तालिम अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।
- लैंगिक हिंसा कोषको स्थापना गरिएको छ ।
- वडा नं. २,३,४ मा गरी जम्मा ९ वटा लैंगिक हिंसा निगरानी समूह गठन तथा परिचालन गरिएको छ ।
- वडा नं. १ मा ४० जना महिलाहरुमा लैंगिक हिंसा बिरुद्धको सचेतना कार्यक्रम संचालन गरिएको छ ।
- सम्पूर्ण वडाहरुमा घुम्ती शिविर संचालन गरी ४१७ जना अपांगता भएकाहरुलाई अपांगता परिचयपत्र वितरण गरिएको छ ।
- गरिवी निवारणका लागि लघुउद्यम कार्यक्रम अन्तर्गत ८२ जना उद्यमी सिर्जना गरिको छ जस मध्ये २२ जनामा बाख्रापालन , २७ जनामा सिलाईकटाई , २७ जनामा हाते होजियारी सम्बन्धी स्विटर र गलबन्दी र ६ जनामा बाँसको मुढा बुन्ने तालिम सम्पन्न गरिएको छ ।

**<u>बहुक्षेत्रीय पोषण</u>**

- पोषण सुधारका लागि खानेपानी पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत शिक्षा बोधनी माध्यमिक बिद्यालय रुद्रपुरमा खानेपानी टंकी र धारा यसै आर्थिक वर्षमा सम्पन्नताको चरणमा रहेको छ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो १००० दिनका बिपन्न महिला, बालबालिका तथा किशोरीहरुलाई हुप्सेकोट गाउँपालिकाको पोषण झोला राहत वितरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- सामुदायिक बिद्यालयहरुमा छात्रामैत्री शौचालय व्यवस्थापनका लागी सामग्री वितरण र WASH कर्नर स्थापना गरि सरसफाई व्यवहार प्रबर्द्धन गर्ने कार्यक्रम यसै आर्थिक वर्षमा सम्पन्न गरिने छ ।

<u>स्वास्थ्य</u>

- आघिल्लो वर्ष कोभिड-१९ माहामारीको शुरुवात पश्चात भारत तथा अन्य मुलुकहरुबाट आउने यस गाउँपालिका भित्रका नागरिकहरुलाई नेपाल-भारत सिमा र अन्य जिल्लाहरुबाट गाउँपालिका सम्म ल्याउने, क्वारिनटिनमा राख्ने, निजहरुलाई खानबस्नको प्रवन्ध एवम् कोभिड-१९ को परिक्षणको व्यवस्था गरी माहामारी नियन्त्रणमा सबैको सहयोगबाट उत्कृष्ट व्यवस्थापन गरी क्षति न्यूनीकरण गरियो ।
- देउराली स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी देउराली प्राथमिक अस्पताल बनाई चिकित्सक सहितको स्वास्थ्य सेवा प्रवाह गरिएको छ ।
- प्रारम्भिक स्वास्थ्य सेवा प्राप्त गर्न गाउँपालिका बाहिर जान नपर्ने व्यवस्थाको सुनिश्चितता गर्दै देउराली प्राथमिक अस्पतालमा ल्याब परीक्षण सेवा स्थापना गरी निःशुल्क परीक्षण संचालन गरिएको छ ।
- पहाडी भेगमा गर्भवती महिलाहरु सुत्केरी हुने समयमा आउन सक्ने सम्भावित जोखिमलाई न्युनिकरण गर्न, स्वास्थ्य संस्थाबाट मात्र सुत्केरी गराउनका लागी, वडा नं ५ को धौवादी रुद्रपुरमा बर्थिङ सेन्टर स्थापना गरी स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ ।
- देउराली प्राथमिक अस्पतालको ५ शैया सहितको अस्पताल भवन निर्माणको लागी जमिन भोगाधिकार लिई निर्माण कार्य अगाडी बढाईएको छ ।

- बर्थिंग सेन्टरमा २४ सै कार्यरत स्वास्थ्यकर्मी तथा वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आवश्यक थप सेवा सविधा उपलब्ध गराइएको छ ।
- गर्भवती आमाहरुको लागी कोभिड-१९ को संक्रमण तथा अन्य औलो एवम् डेंगु रोग जस्ताको संक्रमण रोकथाममा ....................जना लाभान्वित भएका छन् ।
- सम्पूर्ण बालबालिका, किशोरी तथा प्रजनन उमेरका महिलासम्म पोषणयुक्त खाना र सुधारिएको पोषण सम्बन्धी हेरचाहको समान र उपयुक्त पहुँच पुर्याइएको छ ।
- १० शैयाको कोभिड-१९ अस्थाई अस्पताल स्थापना गरी १५ अक्सिजन सिलिन्डर र २ अक्सिजन कन्सनसेन्टर सहितको आईसोलेसन सेन्टर स्थापना गरिएको छ ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार, जनशक्ति र औषधीमा बृद्धि गरी सबै वडाहरुमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइएको छ ।
- सबै वडाहरुमा विशेषज्ञ सहितको घुम्ती शिविर संचालन भईरहेको छ ।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट विद्यालय स्वास्थ्य कार्यक्रम संचालन भईरहेको छ ।
- आयुर्वेद स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका यस हुप्सेकोट गाउँपालिकाका नागरिकहरुलाई सहज एवं सरल रुपमा आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्न जिल्ला आयुर्वेद कार्यालयसँगको सहकार्यमा नागरिक आरोग्य सेवा केन्द्र संचालनमा ल्याई निःशुल्क सेवा प्रदान गरिएको छ ।

- गरिव नागरिकहरुलाई स्वास्थ्य उपचार सेवामा पहुँच पुर्याइएको छ र स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ ।
- आँखामा लाग्न सक्ने विभिन्न किसिमका रोगहरुको उपचार गर्न अन्यत्र जानुपर्ने बाध्यतालाई अन्त्य गर्दै सरल सहज एवं हुप्सेकोट बासीको नजिकैको घरदैलोबाट उपचार सेवा प्रदान गर्न भरतपुर आँखा अस्पताल सँगको समन्वयमा हुप्सेकोट आँखा उपचार केन्द्र स्थापना गरी संचालनमा ल्याइएको छ ।
- सुत्केरी आमा पोषिलो खाना अन्तर्गत २४० जनालाई पोषण स्याहार खर्च वितरण गरीसकिएको छ ।

**<u>शिक्षा</u>**

- कोभिड-१९ को माहामारीको समयमा रेडियो शिक्षा, टोल शिक्षा, कक्षागत आलोपालो शिक्षा, अनलाईन शिक्षा जस्ता विभिन्न वैकल्पिक विधिहरुबाट शिक्षा प्रदान गर्ने व्यवस्था गरियो ।
- अभिभावक, विद्यार्थी, शिक्षक, बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई शिक्षामा उत्प्रेरित गर्न वैज्ञानिक श्री माहाबिर पुनको उपस्थितिमा शैक्षिक सम्मेलन सम्पन्न गरियो ।
- ४५ जना बालविकास सहयोगी कार्यकर्ताहरुलाई शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धी ३ दिने तालिम सम्पन्न गरियो ।
- गाउँपालिका भित्रका सम्पूर्ण बिद्यालयका प्रधानाध्यापकहरुलाई विभिन्न जिल्लाका ९ वटा नमुना बिद्यालयहरुको अवलोकन भ्रमण सम्पन्न गरियो ।
- शिक्षकहरुलाई आधुनिक प्रविधि संग जोड्न ७५ जना शिक्षकलाई कम्प्युटर तालिम प्रदान गरियो ।
- नयाँ भर्ना हुने ५३८ बिद्यार्थीहरुलाई झोला तथा स्टेसनरी सामग्री वितरण गरी अनिवार्य शिक्षालाई कार्यान्वयन गर्न सहजता प्रदान गरिएको छ ।
- बिद्यालयहरुमा शिक्षकहरुलाई सिकाई सामग्री निर्माण तालिम सम्पन्न गरिएको छ ।
- बिद्यालयहरुमा शिक्षक दरवन्दी समस्या हल गर्न आधारभूत तहमा २७ र माध्यमिक तहमा १ दरवन्दी थप गरिएको छ ।
- गाउँपालिका भित्र कार्यरत ........ जना शिक्षकहरुको दरवन्दी मिलान गरी जनशक्ती अभावको समस्या कम गरिएको छ ।
- बिद्यार्थीहरुको बिद्यालय छाड्ने दर र बिद्यालय सम्म जाने दुरी कम गर्न जनकल्याण राष्ट्रिय माध्यमिक बिद्यालय शंखदेव, ज्वाला माध्यमिक बिद्यालय झ्यालबास, जनता माध्यमिक बिद्यालय गुहेरी, हुप्सेकोट माध्यमिक बिद्यालय मौलाथर, हुप्सेकोट आधारभूत बिद्यालय बिरुखर्क, पोखरी देवी आधारभूत बिद्यालय सांडाभन्ज्यांग, बराजु आधारभूत बिद्यालय भंडारी, हुप्सेकोट जनकल्याण आधारभूत बिद्यालय मोहनडाँडा, नमुना आधारभूत बिद्यालय षटाकुन, शिक्षा बोधनी माध्यमिक बिद्यालय रुद्रपुर, त्रिभुवन आधारभूत बिद्यालय पांग्रे र राष्ट्रिय आधारभूत बिद्यालय पहारे बसेनीमा कक्षा थप गरियो ।
- प्रधानाध्यापकहरुसंगको कार्यसम्पादन करार सम्झौता यसै महिना भित्र सम्पन्न गरिने छ ।
- बिद्यालय पुनःनिर्माण कार्यक्रम अन्तर्गत यसै आर्थिक वर्षमा करिव ७ करोडको लागतमा ११ वटा बिद्यालयहरुमा ४२ वटा कक्षाकोठा, ३ वटा बिद्यालयहरुमा स्वच्छ पिउने पानी व्यवस्थाको लागी फिल्टर सहितको खानेपानी ट्यांकी, ५ वटा बिद्यालयहरुमा बालमैत्री

शौचालय निर्माण साथै ४ वटा बिद्यालयहरुमा खानेपानी ट्यांकी वितरण तथा स्वच्छ पिउने पानीको व्यवस्थापन सम्पन्न गरिएको छ ।

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ६ वटा बिद्यालयहरुमा १२ वटा कक्षाकोठा निर्माणको चरणमा रहेको र ११ वटा बिद्यालयहरुमा सूचना प्रविधि प्रयोगशाला, बिज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन शैक्षिक सामग्री वितरण जस्ता कार्यक्रमहरु सम्पन्न हुने चरणमा रहेका छन् ।
- सामुदायिक विद्यालयको अंग्रेजी, गणित र बिज्ञान विषयको सिकाई उपलब्धी बृद्धि गर्न ७ वटा बिद्यालयमा थप अनुदान उपलब्ध गराई कार्यक्रम सम्पन्न गरिएको छ ।
- ३ हजार ८८ छात्रछात्राहरुलाई पोषणयुक्त दिवा खाजाको व्यवस्था गरी पोषणको स्थितिमा सुधार एवं कक्षा छोड्ने दरमा कमी ल्याइएको छ ।
- वडा नं.१ को जनता माध्यमिक बिद्यालय परिसरमा शिक्षक तालिम हलको निर्माण सम्पन्न गरिएको छ ।
- बिद्यार्थीहरुको शारीरिक तथा मानसिक विकासका लागी खेल सप्ताह संचालन गरी राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता सम्पन्न गरियो ।
- गाउँपालिका र व्यावसायिक शिक्षा तथा तालिम परिषद्को सहकार्यमा हुप्सेकोट प्राविधिक शिक्षालयको स्थापना गरी कृषि विज्ञान तथा पशु विज्ञान धारको कक्षा संचालन गरी न्यून शुल्कमा दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइएको छ ।
- स्थानीय शिक्षा ऐन, नियमावली र कार्यवीधि निर्माण गरी कार्यान्वयन गरिएको छ ।

**<u>पूर्वाधार</u>**

- यस गाउँपालिका भित्रका बिभिन्न वडाहरुमा ८ किलोमिटर सडक कालोपत्रे, २५ किलोमिटर सडक ग्राभेल, २० किलोमिटर माटे सडक निर्माण, ५ किलोमिटर सिंचाई कुलो निर्माण, १५ वटा साना तथा मझौला कल्भर्ट निर्माण, १५ वटा खानेपानी टंकी निर्माण तथा पानी वितरण, २५ किलोमिटर साईड वाल, ५ वटा भवन (वडा, स्वास्थ्य,आमा समूह) निर्माणकार्य सम्पन्न गरिएको छ ।
- गाउँपालिकाको सम्पूर्ण वडाहरुमा बाटा-घाटा, कल्भर्ट, सिंचाई कुलो, बिद्यालय पूर्वाधार र योजनाहरु द्रुत गतिमा निर्माणको चरणमा रही सम्पन्नताको संघारमा रहेका छन् ।

- चालु आर्थिक वर्षमा विकास निर्माण प्रक्रियामा जनताको सहभागिता र अग्रसरता मार्फत आफ्नो अपनत्व महशुस गर्ने कार्यले हामीलाई प्रेरणा मिलेको छ ।
- वडा नं. १, २, ३ र ४ मा लागत सहभागितामा सडक कालोपत्रे गर्ने योजना संचालन भई सम्पन्नताको चरणमा रहेका छन् भने वडा नं. ५ र ६ मा जनसहभागिता मार्फत सडक सदावहार संचालन हुने गरी स्तरोन्नति कार्य सम्पन्न हुने चरणमा छन् ।

## आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमहरुः

### स्वास्थ्य

१. बालबिबाह न्यूनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रमहरु बिगतका आर्थिक वर्षदेखि नै कार्यक्रममा राखी सम्पन्न गरिएको छ भने यसलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।

२. **"सुत्केरी आमा पोषिलो खाना"** कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ र गाउँपालिका भित्रका सुत्केरी आमा र बच्चाको पोषण तथा स्याहारलाई थप व्यवस्थित गरिने छ ।

३. महिलाको स्तन क्यान्सर, पाठेघर क्यान्सर र (Prolapse) आङ खस्ने समस्याको उपचारको लागि गाउँपालिकाका समस्याग्रस्त महिलाहरुको तथ्यांक संकलन गरी प्रदेश सरकारको सहकार्यमा उपचारको व्यवस्था मिलाइनेछ ।

४. जेष्ठ नागरिक, शारीरिक असक्षमताका व्यक्ति र बालबालिकाहरुको स्वास्थ्य सुविधामा सहज पहुँच र सेवा प्रवाहलाई थप प्रभावकारी बनाइने छ ।

५. गाउँपालिकाको प्रमुख स्वास्थ्य केन्द्रबाट टाढा रही सामान्य स्वास्थ्य सेवा उपभोग गर्न बाट समेत बिमुख रहेका वडा नं. ४, ५ र ६ का पहाडी भेगमा विशेषज्ञ सहितको स्वास्थ्य शिविरको कार्यक्रम संचालन गरिनेछ ।

६. प्लास्टिकजन्य सामाग्रीको प्रयोगले स्वास्थ्य तथा वातावरणमा पार्ने प्रभावको न्यूनीकरण गर्न ४० माइक्रोनभन्दा कमको प्लास्टिक झोला विस्थापित गरि **"सफा झोला"** कार्यक्रम लागु गरिनेछ ।

७. गाउँपालिका भित्रका नागरिकहरुको वृहत्तर स्वास्थ्य सुरक्षालाई सकारात्मक प्रभाव पार्न **व्यवस्थित जुठेल्नो** कार्यक्रमलाई नियमित गरिनेछ ।

८. स्वास्थ्य विमा कार्यक्रमलाई हरेक नागरिक समक्ष पुर्याइनेछ ।

९. कुनै पनि प्रकारको यौनजन्य हिंसा वा सामाजिक बहिष्कारमा पारिएका किशोरीहरु एवम् बालश्रम, बेचबिखन, आदिबाट पिडित बालबालिका एवम महिलाहरुको लागि मनोसामाजिक परामर्शदाताको सहयोगमा व्यावसायिक शिक्षा दिई वा सीपको विकास गरी पुनःस्थापना गरिने छ ।

१०. यस गाउँपालिकाको वडा नं. ५ र ६ को लागि नियमित हुने किसिमले एम्बुलेन्सको व्यवस्था मिलाइने छ ।

११. क्यान्सर, मृगौला रोगी तथा दीर्घरोगीहरुलाई राहत स्वरुप उपचारका लागि आर्थिक सहयोगको व्यवस्था मिलाइनेछ ।

१२. गाउँपालिकाको बिकट पहाडी क्षेत्रका सुत्केरी हुने महिलाहरुलाई जोखिमको अवस्था हेरी हवाई उद्दारको व्यवस्था गरिने छ ।

१३. आदिवासी थारु समुदायमा देखिने सिकलसेल एनेमिया रोगको निःशुल्क उपचारको व्यवस्था गरिने छ ।

१४. बिद्यालय तथा समुदाय स्तरमा स्वास्थ्य संस्थाहरुको सहयोगमा बिद्यालय स्वास्थ्य कार्यक्रम, **"सफा बिद्यालय, सफा समुदाय"** कार्यक्रम संचालन गरिने छ ।

१५. **"एक घर एक डस्टबिन"** कार्यक्रम शुरु गरी डिस्पोज हुने र नहुने फोहोरको वर्गीकरण गर्दै व्यवस्थापन प्रक्रिया मिलाइने छ ।

१६. कोभिड-१९ को महामारीको अवस्था हेरी बिद्यालय एवम् समुदायमा **'सफा हात कार्यक्रम'** लागु गरिने छ ।

१७. गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक बिद्यालयहरुमा अध्ययनरत किशोरीहरुको यौन स्वास्थ्यलाई सुधार गर्न निःशुल्क रुपमा प्रदान गरिने सेनीटरी प्याड प्रयोगको व्यवस्थापनका लागि सहजीकरण गर्न सम्बन्धित विद्यालयका महिला शिक्षिकाहरुलाई अभिप्रेरित गर्ने व्यवस्था मिलाइने छ ।

१८. कोभिड-१९ को न्यूनीकरणका लागि गाउँपालिकाका सम्पूर्ण नागरिकहरुलाई निःशुल्क खोपको लागि आवश्यक पहल गरिने छ ।

१९. स्वास्थ्य सेवालाई पारदर्शी र थप प्रभावकारी बनाउन **दिर्घरोगीहरुको** डिजिटल प्रोफाइल निर्माण गरी स्वास्थ्योपचारमा सहजीकरण गरिने छ ।

२०. नागरिकहरुको पहुँच पुग्ने गरी थप चिकित्सकीय सेवा, प्रयोगशाला सेवा र फार्मेसी सेवालाई २४ सै घण्टा संचालन गरी आधारभुत औषधीहरुलाई निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

२१. HIV AIDS, लागुपदार्थको नियन्त्रण तथा मदिराको प्रयोगलाई निरुत्साहित तथा सुर्तीजन्य पदार्थको बिक्रीवितरणमा प्रभावकारी नियमन गरिने छ । बिद्यालय क्षेत्र, गाउँपालिका कार्यालय क्षेत्र, सार्वजनिक कार्यालय क्षेत्रलाई पूर्णतः सुर्तीजन्य पदार्थ र मदिरा निषेधित क्षेत्र बनाउन जोड दिइने छ ।

२२. यस गाउँपालिकाको सामुदायिक स्वास्थ्य सुधार एवं सरसफाईका लागि सार्वजनिक शौचालयको निर्माण कार्यको योजना अघि बढाइने छ ।

२३. गाउँपालिका भित्रका पर्यटकीय तथा सार्वजनिक स्थलहरुलाई स्वास्थ्य तथा सरसफाई मैत्री बनाइने छ ।

२४. कोभिड-१९ को महामारीले भविष्यमा सिर्जना हुन सक्ने असामान्य परिस्थितिको आकलन गरी क्वारिनटिन, राहत वितरण, सचेतनामुलक कार्यक्रम, सूचना सम्प्रेषण, तथ्यांक संकलन, उपचार तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीलाई विशेष प्रोत्साहन र सुरक्षा सामाग्रीको व्यवस्थापनलाई प्राथमिकता दिइने छ ।

२५. कोभिड-१९ लगायत अन्य महामारीजन्य सरुवा रोगहरु संग लड्न समुदायलाई नै तयार गर्न **"महामारी विरुद्ध म, मेरो घर परिवार र समाज, सचेत छौं "** भन्ने सचेतनामुलक कार्यक्रम गर्न स्वास्थ्य बिज्ञ समावेश गरी हरेक बिद्यालयमा सातामा कम्तिमा एक पिरियड स्वास्थ्य सचेतना कक्षा संचालन गरिने छ ।

२६. ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई देउराली प्राथमिक अस्पतालमा स्वास्थ्य परीक्षण तथा ल्याब परिक्षण सम्बन्धि सम्पूर्ण सेवाहरु निःशुल्क गरिने छ ।

२७. गाउँपालिका भित्रका सबै नागरिकहरुलाई मधुमेहको निःशुल्क परिक्षणको व्यवस्था मिलाइने छ ।

२८. यस गाउँपालिकामा संचालित नागरिक आरोग्य सेवा केन्द्रलाई प्रदेश सरकारसंगको सहकार्यमा स्तरोन्नति गरि आयुर्वेद औषधालय संचालन गर्ने व्यवस्था मिलाईने छ ।

२९. भरतपुर आखाँ अस्पतालसंगको सहकार्यमा आखाँ उपचार केन्द्र संचालन गरिने छ ।

**<u>शिक्षा</u>**

३०. शिक्षा क्षेत्र विकासको मेरुदण्ड भएकाले यस क्षेत्रमा खटिनु भएका शिक्षक कर्मचारी वर्गहरुलाई कार्यक्षेत्रमा लाग्न थप उत्प्रेरणा होस भन्ने हेतुले शिक्षक कर्मचारी सुरक्षा कोषको स्थापना गरिने छ । यस कोषमा हरेक शिक्षक कर्मचारीको मासिक तलबबाट रु.५००/- कट्टा गरीने एवं सोही रकम बराबरको रु.५००/- गाउँपालिकाबाट थप गरी उक्त कोषमा एकमुष्ठ रु.१०००/- मासिक रुपमा जम्मा गरिने छ र सो रकम तोकीएको कार्यविधि बमोजिम उपलब्ध गराउने व्यवस्था गरिने छ ।

३१. सबै बिद्यालयहरुको भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाइने नीति अवलम्बन गरिनेछ ।

३२. सम्पूर्ण विद्यालय, शिक्षक एवं विद्यार्थीहरुबीच समान पहिचान कायम गर्नको लागि समान ड्रेसकोड तथा भवनको रंगरोगनमा एकरुपता कायम गरिने छ ।

३३. सामुदायिक बिद्यालयहरुका गरिव तथा विपन्न छात्रछात्राहरुलाई छात्रवृत्ती दिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

३४. **आधारभूत तहसम्मको शिक्षा अनिवार्य एवं निःशुल्क पाउने बालबालिकाहरुको संबैधानिक अधिकारलाई व्यवहारिक रुपमा नै निःशुल्क प्रदान गरिनेछ ।**

३५. बिद्यालय तह देखि नै राष्ट्रिय एवं स्थानीय भेषभूषा, भाषा, धर्म एवं संस्कृतिको बोध एवं संरक्षणका लागि स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिने छ ।

३६. राष्ट्र भाषाको सम्बर्द्धनका लागि गाउँपालिकाका सबै बिद्यालयहरु बिचमा **"स्व. श्री नेत्र बहादुर बयम्बु स्मृति कप"** भाषागत प्रतियोगिता गराइने छ साथै मगर भाषा संस्कृतिलाई प्रवर्द्धन गर्न सबै बिद्यालयहरुको बिचमा **"स्व. श्री चित्र बहादुर कानु स्मृति कप"** भाषा एवं संस्कृति प्रतियोगिता गराई भाषा तथा संस्कृतिको संरक्षण कार्यलाई अगाडी बढाइने छ ।

३७. संघ तथा प्रदेश सरकारको सहकार्यमा सबै बिद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय र I.C.T कार्यक्रम संचालनमा ल्याई विद्यालयहरुको शैक्षिक स्तरोन्नती गरिने छ ।

३८. प्रतिस्पर्धात्मक शैक्षिक वातावरण निर्माण गरी शिक्षक तथा बिद्यार्थीहरुको क्षमता अभिबृद्धि गर्न प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिने छ ।

३९. प्रधानाध्यापक र बिद्यालय व्यवस्थापन समिति अध्यक्षलाई बिद्यालयको सर्वाङ्गिण सुधार योजना निर्माण सम्बन्धि तालिम र भाषा शिक्षकहरुलाई मागमा आधारित तालिमको व्यवस्था गरिने छ ।

४०. सम्पूर्ण विद्यालयका शिक्षकहरुलाई दैनिक पाठयोजना र कार्ययोजना निर्माण गर्न शिक्षक डायरीको व्यवस्था गरिने छ ।

४१. बिद्यालयहरुमा **निःशुल्क पाठ्यपुस्तक** र बालविकास केन्द्रका बालबालिकाहरुलाई **दिवा खाजा** कार्यक्रमलाई निरन्तरता दिईने छ ।

४२. प्रदेश सरकारको सहकार्यमा बिज्ञान र गणित बिषयको गुणस्तर सुधार कार्यलाई अगाडि बढाइने छ ।

४३. सामुदायिक बिद्यालयहरुमा बिद्यालय समायोजन, दरवन्दी मिलान एवं प्रधानाध्यापक मिलान जस्ता कार्यक्रमलाई अगाडी बढाईने छ ।

४४. विद्यालयको आर्थिक प्रशासन चुस्त दुरुस्त बनाउन कानुनले तोकिएको ढाँचामा लेखा राख्न, वित्तीय जवाफदेहीता कायम गर्न आर्थिक प्रशासनसंग संलग्न कर्मचारीलाई तालिम तथा उत्प्रेरणा प्रदान गरिने छ ।

## <u>युवा तथा खेलकुद</u>

४५. शारीरिक व्यायाम मार्फत स्वस्थ जीवनशैलीको लागि खुल्ला व्यायामशाला निर्माण गरी "निरोगी हुप्सेकोट निर्माण अभियान" लाई अगाडी बढाईनेछ ।

४६. संघ तथा प्रदेश सरकार संगको सहकार्यमा सुबिधा सम्पन्न हुप्सेकोट रंगशाला निर्माण कार्यलाई अगाडि बढाइने छ ।

४७. एक वडा एक खेल मैदान निर्माण कार्यलाई अगाडी बढाई आवश्यक खेलकुद सामग्री उपलब्ध गराइने छ ।

४८. कुनै पनि खेलको राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने गाउँपालिका भित्रका खेलाडीहरुलाई मासिक प्रोत्साहन भत्ता उपलब्ध गराईने व्यवस्था मिलाईने छ ।

४९. दलित समुदाय, मगर, थारु, कुमाल, छन्त्याल आदि अल्पसंख्यक एवं आदिवासी जनजातिहरुको मौलिक भाषा, कला, धर्म एवं संस्कृतिको संरक्षण एवं प्रवर्द्धनका कार्यलाई अगाडी बढाइने छ ।

५०. छात्रछात्रा तथा युवा जनशक्तिलाई सृजनशील बनाउदैं दक्ष जनशक्ति तयार गर्नका लागि एक **आविष्कार केन्द्र** संचालनका लागि आवश्यक पहल गरिने छ ।

५१. युवाहरुलाई खेलकुद प्रति आकर्षित गर्न वडा नं १ को बेलुवामा एक बहुउद्देश्यीय कभर्डहल निर्माण कार्यलाई अगाडी बढाइने छ ।

५२. स्थानीय स्तरका युवाहरुका खेलकुद समूह, स्पोर्ट्स क्लब वा सामाजिक संस्थाहरुलाई बिबिध खेलकुदका सामाग्री उपलब्ध गराई युवाहरुको खेलकूदप्रतिको जागरुकतालाई अभिवृद्धि गरीने छ ।

५३. ज्ञान-सिप भएका युवा उद्यमीहरुले व्यवशाय शुरु गर्न START UP FUND FOR BUSINESS कार्यक्रम मार्फत स्वरोजगार बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

५४. सम्पूर्ण विद्यार्थीहरु एवं युवाहरुलाई खेलकूदको माध्यमबाट एकताबद्ध बनाउदै सामाजिक सहिष्णुता एवं भातृत्वको विकास गर्न " **हुप्सेकोट खेलकुद सप्ताह**" एवं राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता संचालन गरिने छ ।

५५. गाउँपालिका भित्र संचालन गरिने खेलकुद सम्बन्धी कार्यक्रमहरुलाई व्यवस्थित गर्न गाउँपालिका स्तरीय खेलकुद विकास बोर्डको गठन गरिने छ ।

**<u>बालमैत्री तथा जेष्ठ नागरिक लक्षित कार्यक्रम</u>**

५६. जेष्ठ नागरिक क्लबको गठन गरी अनुभव ज्ञान, सीप पुस्तान्तरण गर्ने वातावरण तयार गरिने छ ।

५७. बालमैत्री उद्यानको लागि स्थान छनौट गरी यस आर्थिक वर्षमा दुई वटा उद्यान निर्माणलाई कार्यान्वयन गरिने छ ।

५८. वडा नं. १ मा स्व. श्री चित्र बहादुर कानु स्मृति पार्क निर्माण गरि बालबालिका एवं जेष्ठ नागरिक मिलन केन्द्रको रुपमा विकास गरिने छ ।

५९. जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य परिक्षण, निःशुल्क स्वास्थ्य शिविर एवं जेष्ठ नागरिक सम्मान कार्यक्रमहरु संचालन गरिने छ ।

६०. वडा नं. १ मा स्थापित जेष्ठ नागरिक सेवा केन्द्रलाई थप व्यवस्थित गरि संचालन गरिने छ ।

## महिला बालबालिका तथा सामाजिक न्याय

६१. एकल महिला, वैदेशिक रोजगारीबाट फिर्ता भएका, आर्थिक रुपमा कमजोर आदि महिला लक्षित रोजगार कार्यक्रम जस्तै **"सफा झोला निर्माण, ढाका कपडा बुनाई, सिलाई कटाई, ऊनी स्विटर टोपी बनाउने, स्क्रिन प्रिन्टिङ, ब्युटीसियन तालिम, सेनिटरी प्याड बनाउने"** जस्ता स्वःआयआर्जनका कार्यक्रम संचालन गरि उत्पादित सामाग्रीको बजारीकरणमा गाउँपालिकाले आवश्यक प्रवन्ध मिलाउने छ ।

६२. यौनहिंसामा परेका बालबालिका तथा महिलालाई उच्च प्राथमिकतामा राखी लैंगिक हिंसा निवारण कोष मार्फत पुनःस्थापनाको कार्य अगाडी बढाइनेछ छ ।

६३. महिला उद्यम कोष स्थापना गरी सिपमुलक कार्यक्रम र प्रविधि हस्तान्तरण कार्यक्रमका लागि प्रदेश सामाजिक मन्त्रालयसंग आवश्यक पहल गरीने छ ।

६४. गृहिणी महिलाको शारीरिक एवं मानसिक स्वास्थ्यमा सुधार गर्न गृहिणी स्वास्थ्य सुधार कार्यक्रम संचालन गरिने छ ।

६५. बहुबिबाह, बालबिबाहको समुल अन्त्य गरिने कार्यक्रम ल्याइने छ ।

६६. गाउँपालिकाका सम्पूर्ण अपाङ्ग महिला तथा बालबालिकाको लगत संकलन गरी सरलीकृत रुपमा परिचयपत्र उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईने छ ।

६७. परम्परागत सीपको जगेर्ना गर्न मगर, गुरुङ, थारु, कुमाल, बिश्वकर्मा, सुचिकार आदि समुदायको परम्परागत ज्ञान र सीप हस्तान्तरण तथा संरक्षण कार्यक्रम अगाडी बढाइने छ ।

६८. **"स्थानीय सरकार, एकल महिलाको साथ"** भन्ने नाराको कार्यान्वयन गरि एकल महिलाको संरक्षण साथै सिप विकास एवं स्वरोजगारका कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

## बहुक्षेत्रिय पोषण

६९. बृहत पोषण कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाई, कृषि, पशु सेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध जस्ता क्षेत्रका एकीकृत कार्यक्रम संचालन गरिने छ ।

७०. पोषण सुधारको लागि बिपन्न समुदायका महिला समूह र सहकारीहरुलाई बिपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रममा अनुदानको व्यवस्था मिलाइने छ ।

७१. गाउँपालिका भित्रका पहाडी भेगका महिला, बालबालिका तथा किशोरीहरुको पोषणको अवस्था कमजोर रहेको विषयलाई मध्यनजर गरी सुनौलो हजार दिनका आमा, बच्चा तथा किशोरीहरुको पोषणको स्थितिमा सुधार गर्ने कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## कृषि तथा पशुपालन

१. गाउँपालिकालाई दुग्धजन्य पदार्थमा आत्मनिर्भर गराउन कृषकलाई प्रोत्साहन स्वरूप प्रति लिटर रु.५ /- थप गरि भुक्तानी दिने कार्यक्रम संचालन गरिने छ ।

२. कृषकले उत्पादन गरेको वस्तुको लागतको आधारमा उचित मूल्य प्राप्त गर्ने गरी कृषि उपजको बजारीकरणका लागी कृषि उपज खरिद बिक्रि स्थलको सुनिश्चितता गरिने छ ।

३. संघीय सरकारको विशेष अनुदान अन्तर्गतको कृषि उपज केन्द्र तथा कोल्ड स्टोर निर्माण कार्यलाई आ.व. २०७८/७९ मा सम्पन्न गर्ने गरि द्रुत गतिमा अगाडी बढाइने छ ।

४. पशु बिमा नक्स सुधार तथा कृषि बिमा कार्यक्रम संचालन गरिने छ ।

५. स्थानीय प्रजातिका धान, मकै, कोदो, कोशेबाली फलफूल तथा अन्नबाली संरक्षणको लागि स्थानीय बिउ संरक्षण र विकास गर्ने गरि बिउ बैंकको स्थापना गर्ने नीति लिईने छ ।

६. च्याउको व्यावसायिक तथा बेमौसमी उत्पादनको लागी तालिमको व्यवस्था, बजारको सुनिश्चितता गर्दै टनेल सामाग्री एवम् बिउमा अनुदानको व्यवस्था गरिने छ ।

७. मौरीपालन सम्भावित क्षेत्र पहिचान गरि बैज्ञानिक मौरीपालन कार्यक्रम संचालन गरिने छ ।

८. कृषिलाई व्यावसायिकीकरण गर्न **"पकेट क्षेत्र कार्यक्रम", "हाईटेक नर्सरी"** जस्ता कार्यक्रम संचालन गरिने छ ।

९. प्रत्येक वडाहरुमा कृषि तथा पशु सेवा केन्द्र स्थापना गरी **एक गाउँ एक प्राविधिक सेवा** संचालन गरिने छ ।

१०. एकीकृत कृषि विकास रणनीति बनाई यसका कार्यक्रमहरुलाई समन्वय गर्दै अनुगमन गरिने छ ।

११. गाउँपालिका भित्रका कृषकहरुलाई सूचीकरण गरी कृषक डाटा बैंक निर्माणको कार्य प्रारम्भ गरिने छ । यसमा खाद्यान्न बाली, तरकारी, फलफूल, पशुपन्छी, माछा आदि जस्ता कार्यक्रमहरुको तथ्यांकहरुलाई अद्यावधिक गर्ने कार्यक्रम सुचारु गरिने छ ।

१२. आर्थिक वर्ष २०७७/०७८ मा स्थापना भएका कृषि, पशुपालन, बाख्रापालन, तरकारी बारी जस्ता साना व्यावसायिक कृषि उत्पादन (पकेट क्षेत्र) कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३. पशुमा कृत्रिम गर्भाधान कार्यक्रम, सरुवारोग नियन्त्रण, पशु खोप कार्यक्रम जस्ता सेवाहरुलाई निरन्तरता दिईनेछ ।

१४. कृषक समूह र गाउँपालिकाको ५०-५०% साझेदारीमा साना सिंचाई कार्यक्रम संचालनको व्यवस्था मिलाइने छ ।

१५. कृषि क्षेत्रको बिकासका लागि सिंचाई पूर्वाधार निर्माण एवं विकासका कार्यक्रम संचालन गरिने छ ।

१६. स्थानीय जातको पाराकोटे भैंसी र खरी बाख्राको संरक्षणमा र प्रवर्द्धनमा अनुदान दिई प्रभावकारी कार्यक्रम कार्यान्वयन गरिने छ ।

१७. व्यावसायिक आलु खेतीलाई बजारिकरणको सुनिश्चितता गरि थप प्रवर्द्धनको कार्यक्रम लागु गरिने छ ।

१८. व्यावसायिक कृषकहरुलाई व्यवसाय सम्बन्धि ऋण कर्जाका लागि Soft Loan को व्यवस्था गर्न आवश्यक पहल गरिने छ ।

१९. किसानहरुको कृषि पेशालाई थप आकर्षक बनाउन र सुरक्षित भविष्य निर्धारण गर्न कृषक पेन्सनको व्यवस्था गरिने छ साथै बाली बिमाको कार्यक्रम समेत लागु गरिने छ ।

## पर्यटन

१. नेपाल सरकार र हुप्सेकोट गाउँपालिकाको संयुक्त लगानीमा रुद्रपुरगढी संरक्षण तथा पर्यटन प्रवर्द्धन कार्यक्रमलाई द्रुत गतिमा अगाडी बढाई रुद्रपुरगढीलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ ।

२. वडा नं ५ धौवादी रुद्रपुर गाउँ र वडा नं ४ को झरना खोला गाउँलाई होमस्टे गाउँको रुपमा विकास गरी व्यवस्थित होमस्टे कार्यक्रम प्रभावकारी ढंगबाट अगाडी बढाइन आवश्यक पहल गरिने छ ।

३. पर्यटन गुरुयोजना अनुसार गाउँपालिका भित्रका पर्यटकीय सम्भावना बोकेका प्राकृतिक, ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक क्षेत्रहरुको पूर्वाधार विकासका कार्यहरु अगाडी बढाइने छ ।

४. लालीगुराँस संरक्षित क्षेत्र, रुद्रपुरको संरक्षणको लागि थप लालीगुराँस वृक्षारोपण गर्ने कार्य अगाडी बढाइने छ ।

५. पटुवाधाप विष्णुधामदेखि वडा नं ४ को मनकामना मन्दिर हुदै अकेलादेवि मन्दिर झ्यालबास सम्म पदमार्ग निर्माण गर्ने कार्यलाई आवश्यक पहल गरिनेछ ।

६. वडा न. ५ र वडा नं. ६ मा साहसिक पर्यटन Rock Climbing को सम्भाव्यता अध्ययन गरिने छ ।

७. धार्मिक पर्यटकीय क्षेत्र बिष्णुधामको विकास गरि १००८ पिपलको संरक्षण र प्रचारप्रसार गरिने छ ।

## सूचना प्रविधि

८. गाउँपालिका भित्र डिजिटल घर नम्बर वितरण कार्यक्रम संचालन गरिने छ ।

९. इन्टरनेट सेवाको पहुँच नपुगेका वडा कार्यालयहरु तथा अन्य स्थानहरुमा ईन्टरनेट सेवा विस्तार गरिनेछ ।

१०. गाउँपालिकामा संकलन गरिने कर तथा राजस्वलाई विद्युतिय प्रणाली मार्फत भुक्तानी गर्नका लागि Smart Hupsekot App निर्माण गरि प्रयोगमा ल्याइनेछ ।

११. गाउँपालिका भित्र कार्यरत सम्पूर्ण सामुदायिक विद्यालयहरुका शिक्षक कर्मचारीहरुको तलब, भत्ता र पारिश्रमिक गाउँपालिकाले सोझै व्यक्तिगत खातामा भुक्तानी हुने व्यवस्था मिलाइने छ।

१२. गाउँपालिका कार्यालय, सम्पूर्ण वडा कार्यालय, सामुदायिक श्रोत पुस्तकालय, बजार क्षेत्र तथा महत्वपुर्ण पर्यटकीय क्षेत्रहरुमा Free Wifi Zone निर्माण गर्ने कार्यलाई अगाडी बढाइने छ ।

१३. भरपर्दो सूचना तथा मनोरंजन प्राप्त गर्नका साथै बिद्यार्थीहरुलाई वैकल्पिक विधिबाट अध्यापन गराउन सामुदायिक रेडियो हुप्सेकोट संचालन गर्न आवश्यक प्रक्रिया अगाडी बढाइने छ ।

१४. वडा नं १, २, ३ र ४ का समथर भू-भागमा नेपाल टेलिकमको IPTV सहितको Fiber Internet विस्तार कार्यलाई अगाडि बढाईने छ ।

## खानेपानी तथा सरसफाई

१५. गाउँपालिका भित्रका सम्पूर्ण घर धुरीहरुलाई सुरक्षित पिउने पानीको सुनिश्चितता गर्दै न्युनतम युनिट सम्मको महशुल आउने घरको धाराको विल गाउँपालिकाबाट भुक्तानीको व्यवस्था मिलाइने छ।

१६. पूर्ण सरसफाई कार्यक्रमलाई थप व्यवस्थित बनाई गाउँपालिका भरि लागु गरिने छ ।

१७. खानेपानी व्यवस्थित र बैज्ञानिक वितरणका लागि मिटर धारा वितरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१८. पानीका मुहानहरु कुवा, प्राचीन धारा, पधेंरो, पोखरी आदिको श्रोत संरक्षणको कार्यक्रम लागु गरी उचित व्यवस्थापन गरीनेछ ।

१९. सफा एवम् व्यवस्थित जुठेल्नो कार्यक्रमलाई थप व्यवस्थित बनाईने छ ।

२०. घर/कार्यालय आदिबाट सिर्जित फोहोरलाइ व्यवस्थापन गर्न कुहिने पदार्थलाई कम्पोस्ट मल तथा नकुहिने पदार्थलाई उचित उपयोगमा ल्याउने कार्यक्रम लागु गरिने छ ।

२१. सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापनमा सम्बन्धित संस्थाहरु संग समन्वय र सहकार्य गरिने छ ।

२२. खानेपानी योजनालाई थप व्यवस्थित गर्न खानेपानी सुरक्षा योजना (Water safety plan ) को स्थापना गर्ने साथै खानेपानी विकास एवम् संरक्षण समिति, Village

Maintenance Worker (VMW) तालिम एवम् मुहान दर्ता कार्यक्रम अवलम्बन गरिने छ ।

२३. घर निर्माणको अनुमति प्रक्रियामा शौचालय र सेफ्टिटंकी निर्माणलाई अनिवार्य गरिने छ ।

२४. फोहोर उत्पादन कम गर्ने पुनः प्रयोग गर्ने र सार्वजनिक स्थलमा फोहोर नगर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

२५. सबै खानेपानी आयोजनाहरुलाई खानेपानी समितिमा आबद्ध गर्दै न्युनतम शुल्क लगाई मर्मत तथा सम्भार कोष स्थापना गरिने छ ।

२६. अधुरा रहेका सम्पूर्ण खानेपानी योजनाहरुलाई पूर्णता दिन बजेटको व्यवस्था गरिने छ ।

## सहकारी तथा वित्तीय क्षेत्र विकास

२७. कृषि, दुग्ध पदार्थ, तरकारी, फलफुल जस्ता कार्यक्रमलाई सहकारीमा आबद्ध गरि बजारीकरण एवम् पूंजी निर्माणको कार्यक्रम संचालन गरिने छ ।

२८. वितिय संस्थाहरुको सहकार्यमा **"वित्तीय शिक्षा कार्यक्रम"** चलाई **"एक घर एक वित्तीय संस्थामा खाता "** कार्यक्रम लागु गरिने छ ।

२९. गाउँपालिका भित्रका सम्पूर्ण सहकारी संस्थाहरुको अनुमति नियमन र विस्तारमा प्रवाभकारी कार्यक्रम लागु गरिने छ ।

३०. सबै वडाहरुमा एक/ एक कृषि सहकारीको स्थापनामा स्थानीय समुदाय संग सहकार्य गरि संचालन गर्ने कार्यक्रम ल्याइने छ ।

३१. गाउँपालिका भित्र थप एक "क" वर्गको बाणिज्य बैंकको स्थापना गर्न पहल गरिने छ ।

## जलश्रोत तथा सिंचाई

३२. गाउँपालिका भित्रको सबै खेती योग्य जमिनमा बर्षै भरि सिंचाई सुविधा प्रदान गर्न व्यवस्थित कार्यक्रम ल्याईने छ ।

३३. ठुला सिंचाई तथा पर्याप्त सिंचाई सुबिधा पूर्तिका लागि प्रदेश तथा नेपाल सरकार संग सहकार्य गरिने छ ।

३४. गिरुवारी खोला बहूउदेश्यिय उच्च बाँध परियोजनाको कार्यलाई अगाडी बढाइने छ ।

३५. जमिनमा जलसतह कायम राख्न रिफिल टयांक र पोखरी निर्माणको कार्यक्रम अगाडी बढाइने छ ।

३६. रुद्रपुरगढी क्षेत्रमा शुद्ध पिउनेपानी व्यवस्थापन कार्यलाई अगाडी बढाईने छ ।

३७. हुप्सेकोट प्राविधिक शिक्षालय, कोलिया क्षेत्र र जुगेपानी क्षेत्रमा प्रदेश सरकारको सहकार्यमा डिप बोरिंग गर्ने कार्यलाई अगाडी बढाईने छ ।

३८. गाउँपालिका भित्रका सबै खोला तथा पानीका श्रोतहरुलाई सफा र स्वच्छ राख्न संरक्षणका कार्यक्रमहरु लागु गरिने छ ।

## वन, वातावरण, जलाधार तथा भू-संरक्षण

३९. बढ्दो वन तथा वातावरण बिनाशलाई कम गर्न बहुवर्षीय बिरुवा पिपल, निम, पाकरी, लाकुरी, रुद्राक्ष, चन्दन जस्ता वनस्पतिको वृक्षारोपण कार्यक्रम गरिने छ ।

४०. बि.पी जयन्ति, पुष्पलाल जयन्ति एवम् विश्व वातावरण दिवस जस्ता अवसरहरुमा सामुहिक वृक्षारोपण कार्यक्रम चलाइने छ ।

४१. **"एक घर पाँच रुख कार्यक्रम"** लागु गरिने छ साथै घरको बगैचा कार्यक्रममा औषधी जन्य र फलफूलको बिरुवालाई प्राथामिकता दिईने छ ।

४२. बहु-उदेश्यिय नर्सरी स्थापना गरी यसमा औषधी जन्य र फलफूलको बिरुवा उत्पादनमा प्राथमिकता दिईने छ ।

४३. गाउँपालिका भित्रका सबै सामुदायिक बनहरुलाई नियमन गरि व्यवस्थित गरिने छ ।

४४. जंगल/ बन क्षेत्रबाट गाउँ प्रवेश गरि मानव तथा बालिनालीलाई हानि नोक्सानी गर्ने जनावरको रोकथाममा लागि पर्खाल, तारजाली, काँडेतार जस्ता सुरक्षा घेरा निर्माण गरिने छ ।

४५. आगलागी जस्ता प्रकोप नियन्त्रणका लागि जनचेतना बढाईने छ ।

४६. वैज्ञानिक वन व्यवस्थापन गरि सम्भाव्य स्थानमा जंगल सफारीको प्रवन्ध गर्न पर्यटन सम्बन्धि काम गर्ने संस्थाहरु संग सहकार्य गरिने छ ।

४७. घरायसी प्रयोगका लागि दाउराको खपत कम गर्न वैकल्पिक उर्जा प्रवर्धन केन्द्र जस्ता संस्थाहरु संग सहकार्य गर्दै सुधारिएको चुलो, बायो ग्यास, सोलार चुलो जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिईने छ ।

४८. वन तथा वातावरण संरक्षणका लागि बिभिन्न साझेदारी संस्थाहरु, प्रदेश सरकार र नेपाल सरकार संग समन्वय गरि काम गरिने छ ।

४९. जंगल क्षेत्रबाट काठ चोरी तस्करी जंगली जनावरलाई हानी गर्ने काम पूर्णता निर्मुल गर्न सुरक्षा निकाय संगको समन्वयमा प्रभावकारी कार्यक्रम लागु गरिने छ ।

५०. बन नर्सरीको व्यवस्था बन पैदावारलाई व्यवस्थापन र वन क्षेत्रमा व्यावसायिक अम्रिसो, तेजपात, अलैची , टिमुर जस्ता वनस्पति खेति गर्ने कार्यक्रम लागु गरिने छ ।

५१. रुद्रपुरगढी क्षेत्रमा रोपण गरिएका राष्ट्रिय फूल लालीगुराँसलाई थप संरक्षण गरिने छ ।

५२. भू-स्खलन हुने क्षेत्रको पहिचान गरि संरक्षणको कार्यक्रम गरिने छ र राम्चे, पांग्रे र पिपलडाँडा पहिरो रोकथामका लागि नेपाल सरकार र प्रदेश सरकारसंग सहकार्य गरिने छ ।

५३. प्राचीन पोखरीहरु तथा पौराणिक महत्व भएका स्थानहरुको संरक्षण र प्रवर्धन गरि पर्यटन संग जोडिने छ ।

५४. वन क्षेत्र भित्रका खाली जमिन उपयोगका लागि नेपाल सरकार र प्रदेश सरकार संगको सहकार्यमा सार्वजनिक प्रयोजनमा ल्याइने छ ।

५५. नदीजन्य पदार्थ, वन पैदावार र प्राकृतिक श्रोत दोहन र अवैध चोरी निकासी नियन्त्रणमा थप कडाई गरिने छ ।

५६. पानीका मुहान तथा जलाधार क्षेत्रमा बन बिनास रोकी संरक्षणका कार्यक्रम गरिने छ ।

**<u>भुमि व्यवस्था</u>**

५७. कृषि भूमिको खण्डिकरण रोकिने छ साथै वस्ती विकासलाई बैज्ञानिक बनाईने छ ।

५८. गाउँपालिका भित्रका सबै प्रकारको भूमिको लगत लिई बैज्ञानिक भुमि व्यवस्थापन कार्ययोजना बनाईने छ ।

५९. सुकुम्बासी समस्याको समाधान गर्न नेपाल सरकार एवम् प्रदेश सरकार संग सहकार्य गरिने छ ।

६०. भुमि चक्लाबन्दी (Land Pulling) को कार्यक्रम थालनी गरी व्यावसायिक कृषि तथा पशुपालन फर्मको संचालन गर्न प्रोत्साहन गरिने छ ।

६१. बाँझो रहेका कृषि योग्य भूमिको लगत लिई त्यस्ता जमिनहरुलाई कृषि जन्य उत्पादनमा जोडिने छ ।

<u>उद्योग वाणिज्य तथा आपूर्ति</u>

६२. गाउँपालिका भित्रका सबै व्यापारिक प्रतिष्ठानहरुलाई दर्ताको दायरामा ल्याउने र उपभोक्ताको हित प्रति संवेदनशील हुन लगाईनेछ ।

६३. गाउँपालिका स्तरीय उद्योग बाणिज्य संघको गठन गरि यस क्षेत्रलाई थप जिम्मेवार बनाईने छ ।

६४. उपभोक्ता जागरण अभियान संचालन गरिने छ । उपभोक्ता हित संरक्षण मन्च बनाई दैनिक उपभोग्य वस्तुको गुणस्तर, समाप्त मिति लगायत बिबिध बिषयमा अभिमुखीकरण कार्यक्रम/जनचेतना गरिने छ ।

६५. गाउँपालिका भित्र एक उद्योग ग्रामको स्थापना गरिने छ ।

६६. गाउँपालिका भित्रको उपयुक्त स्थानमा एक पेट्रोल पम्प स्थापना गर्न सहजीकरण गरिने छ ।

६७. गाउँपालिकाले आफ्नै लगानीमा एक क्रसर उद्योग स्थापनाका लागि सम्भावना अध्ययनको प्रक्रिया अगाडी बढाईने छ ।

६८. **"स्थानीय वस्तुको प्रयोग गरौं र उत्पादनलाई प्रोत्साहन गराउ"** भन्ने अभियान संचालन गरि कृषि जन्य वस्तुको प्रसोधन उद्योग स्थापना गर्न कदम चालिने छ ।

६९. स्थानीय कच्चा पदार्थमा आधारित साना उद्योग र घरेलु उद्योगको स्थापना, विकास र प्रवर्धनमा जोड दिईने छ ।

७०. रोजगारी उपलब्ध गराउने स्थानीय उद्योगलाई कर छुट अनुदान तथा सहुलियतको लागि सहजीकरणको व्यवस्था गरिने छ ।

## भाषा, धर्म तथा संस्कृति

७१. गाउँपालिका भित्रका सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरि यथोचित बिकासमा ध्यान दिईने छ ।

७२. स्थानीय मगर, गुरुङ र थारूहरु लगायत विभिन्न जतोहरुको संस्कृतिलाई जीवन्त राख्न परम्परागत गित नाच र बाजाको संरक्षण गरिने कार्यक्रम ल्याइने छ ।

७३. स्थानीय संस्कृति र सम्पदालाई असर गर्ने अवान्छित गतिविधिमा रोकथाम नियन्त्रण र नियमन गरिने छ ।

७४. धार्मिक तथा **एतिहासिक** क्षेत्रहरुको संरक्षण र **सम्बर्धन** गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

७५. मगर समुदायको कौरा, झ्याउरे, गुरुङ्गको घाटु, ब्राह्मण क्षत्रीको वालन, भजन, चुड्का, थारु जतिको डण्डिया तथा विविध परम्परागत गित नाँचको प्रवर्धन गर्न सांस्कृतिक महोत्सव गर्ने कार्यक्रम ल्याईने छ ।

७६. वडा नं. ४ को मगर संगाहालयलाई थप प्रवर्धन गरिने छ ।

७७. वडा नं. १,३,र ४ को संगममा रहेको बिष्णुधाम क्षेत्रलाई थप व्यवस्थित र आकर्षण बनाइने छ ।

७८. नौमति बाजाको संरक्षण र प्रवर्धनमा उचित कार्यक्रम ल्याईने छ ।

## विपद व्यवस्थापन र प्रकोप नियन्त्रण

७९. विपद र प्रकोप नियन्त्रणका लागि गाउँपालिकाका सबै घरधुरीमा विपद पुर्व सजकता सूचना (SMS) प्रवाह हुने व्यवस्था मिलाइने छ ।

८०. राहत कार्य र उद्दारको लागि वडा नं. ५ र ६ मा MI-17 स्तरको हेलिकप्टर बस्न सक्ने हेलिप्याड निर्माण गरिने छ ।

८१. विपदको अवस्थामा उद्दार तथा सुरक्षित बासस्थानको पहिचान र व्यवस्थाको लागि बजेटको व्यवस्था गरिने छ ।

८२. गाउँपालिका स्तरीय विपद व्यवस्थापन एवम् राहत समिति गठन गरि विपदमा एकद्वार प्रणालीबाट समान उद्दार र राहतको कार्यक्रम गरिने छ ।

८३. खाली रहेका बिद्यालयहरुको भवन, सामुदायिक भवन आदिलाई विपदको समयमा आश्रय स्थलको रुपमा विकास गरिने छ ।

## जनसंख्या तथा बसाईसराई

८४. यस गाउँपालिकाको वडा नं. ५ र ६ मा बसाईसराई गरि आउने परिवारलाई प्रति घर रु. १० हजारका दरले प्रोत्साहन रकम उपलब्ध गरिनेछ ।

८५. बस्ती विकास गर्दा बाढी पहिरो र विपदको जोखिम नहुने स्थानहरुलाई प्राथमिकता दिईने छ ।

८६. बजार क्षेत्र (झ्यालबास, गिरुवारी, बेलुवा, शंखदेव, कोलिया, जुगेपानी ) आदि जस्ता वसोबास क्षेत्रहरुलाई थप व्यवस्थित बनाउन अनिवार्य पार्किङ्ग सहितको घर निर्माणमा जोड दिईने छ ।

## सुशासन तथा संस्थागत विकास

८७. नागरिक (सेवाग्राही) हरुलाई गाउँपालिका क्षेत्रबाट प्रदान गरिने सम्पूर्ण सरकारी तथा निजि सेवाहरु सरल र सहज बनाईने छ ।

८८. स्थानीय सरकार संचालन ऐन-२०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धि बिबिध बिषयहरुलाई कडाईका साथ पालनामा जोड दिईने छ ।

८९. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरुलाई डिजिटल र विद्युतिय माध्यमबाट घरबाटै सेवा लिने सक्ने व्यवस्था सुचारु गरिने छ ।

९०. जनप्रतिनिधि तथा सरकारी सेवाका सम्पूर्ण कर्मचारीहरुको आचार संहिता तयार गरी लागु गरिने छ ।

९१. गाउँपालिका तथा वडा कार्यालयमा भएका नियमित बैठकका निर्णयहरु वेवसाइट मार्फत सार्वजनिक गरिने छ ।

९२. गाउँपालिकाबाट भएका मासिक आय तथा व्ययको विवरण (खर्च) महिनाको अन्त्यमा वेवसाइट मार्फत सार्वजनिक गरिने छ ।

९३.	राजस्व तथा सेवा शुल्कमा विद्युतिय प्रणाली प्रयोग गरि भुक्तानी गर्न सकिने व्यवस्था मिलाईने छ ।

९४.	योजना तथा अन्य भुक्तान गर्न चेक बिधिलाई विस्थापित गरि बिधुतिय प्रणाली मार्फत सम्बन्धितको बैंक खातामा भुक्तान हुने व्यवस्था मिलाईने छ ।

९५.	जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

९६.	योजना सम्झौता तथा फरफारक जस्ता कार्यहरु गर्न गाउँपालिका सम्म धाउने र कागज बोक्ने व्यवस्थालाई अन्त्य गर्दै विद्युतिय माध्यमबाट Paper Less Service (Project Tracking System) को सुरुवात गरिने छ ।

९७.	सरकारी सेवाका कर्मचारी, शिक्षक र सामाजिक सुरक्षा भत्ता स्वयं व्यक्तिको खातामा सोझै भुक्तान हुने व्यवस्था मिलाईएको छ ।

९८.	नागरिकमा शान्ति सुरक्षाको प्रत्याभुती दिलाउन र सेवा प्रवाहमा सरलता ल्याउन नगर प्रहरीको व्यवस्था गरिने छ ।

९९.	सार्वजनिक खर्चलाई मितव्ययी र नतिजामुखी बनाउने कार्यमा थप जोड दिई चालु प्रकृतिका खर्चहरु कटौती गर्ने नीति लिईनेछ ।

१००.	कार्यक्रम कार्यान्वयन योजना निर्माण गरी चौमासिक खर्च सन्तुलनमा जोड दिईने छ । चौमासिक लक्ष्य किटान गरी त्यसको कार्यान्वयन समीक्षा गरिने छ ।

१०१.

<u>सामाजिक सुरक्षा तथा संरक्षण</u>

१०२.	छुवाछुत मुक्त घोषणालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सर्वपक्षिय/ सर्वदलीय बृहद सचेतना मुलक कार्यक्रमको व्यवस्था गरिने छ ।

१०३.	गाउँपालिका भित्रका परम्परागत सीपहरुलाई बैज्ञानिक ढंगबाट व्यावसायिकिकरण गर्ने व्यवस्था मिलाईने छ ।

१०४.	नागरिकले प्राप्त गर्ने सबै प्रकारका सेवा सहयोग र अनुदान आदीलाई सर्वसुलभ उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

१०५.	अल्पसंख्यक, जाति, भाषा र सिपको संरक्षणका कार्यक्रमहरी ल्याईने छ ।

१०६.	गाउँपालिकाका हरेक नागरिक हरुलाई राष्ट्रिय परिचय पत्रको पहुँचमा पुर्याइने छ ।

## श्रम, रोजगार तथा गरिवी निवारण

१०७. गाउँपालिका भित्रका सबै बेरोजगारहरुको तथ्यांक संकलन गरि उपयुक्त रोजगारीका लागि उम्मेदवार बैंक स्थापना गरिने छ ।

१०८. अति गरिव परिवारहरुको लागि साझा सुविधा केन्द्रको स्थापना गरिने छ ।

१०९. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धामा बृद्दि गर्नका लागि समुहमा प्रविधि हस्तान्तरण गरिने छ ।

११०. आवश्यकता पहिचानका आधारमा गरिवी निवारणका लागि पुनःताजकी र एडभान्स सिप विकास तालिमको व्यवस्था गरिएको छ ।

१११. लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्ने कार्यक्रम लागु गरिने छ ।

११२. दलित घर उज्यालो कार्यक्रम संचालन गरिने छ ।

११३. जनजाति महिला उत्थानको लागि सिप रोजगारमुलक तालिम तथा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

## न्याय तथा कानुन

११४. न्यायिक समितिको सेवालाई व्यवस्थित र सर्वसाधारणको पहुँचमा पुर्याइने छ ।

११५. प्रकर्तिक न्यायको सिदान्तमा आधारित रही स्थानीय सरकार संचालन ऐनले तोकेको क्षेत्राधिकार भित्र रही न्याय सम्पादन गरिने छ ।

११६. न्याय सम्पादनको क्रममा आवश्यक पर्ने पक्षलाई गाउँपालिका कार्यालय क्षेत्र भित्र एक आश्रय स्थलको व्यवस्था गरिने छ ।

## पूर्वाधार

११७. सार्वजनिक निजि साझेदारी

११८. गिरुवारी खोलामा बहुआयामिक ड्याम निर्माण गरि विद्युतीकरण, सिंचाई र पर्यटन व्यवसायलाई प्रबर्द्धन गरिने छ ।

११९. कृषी उपज संकलन केन्द्रको स्तरोन्नति गरी चिस्यान केन्द्र निर्माण कार्यलाई अगाडि बढाईने छ ।

१२०. रुद्रपुर Hill Station को निर्माण कार्यलाई तिब्रता दिनका लागी नेपाल सरकार संग समन्वय गरी कार्यप्रारम्भ गरिने छ ।

१२१. रुद्रपुर धौवादीमा रहेको नमुना Wind Mill लाई संरक्षण गरि बिद्युत उत्पादन कार्यलाई निरन्तरता दिईने छ ।

१२२. वडा नं ५ र ६ मा सुबिधा सम्पन्न बर्थिंग सेन्टर स्थापना गरिने छ ।

१२३. ल्याण्ड फ़िल्ड साईट निर्माणका लागी उपयुक्त स्थल छनौट गरि निर्माण कार्यलाई अगाडी बढाईने छ ।

१२४. गाउँपालिका भित्रका बजार क्षेत्रमा ढल व्यवस्थापनको नाली निर्माण गरिने छ ।

१२५. हुप्सेकोट प्राविधिक शिक्षालयको सुविधा सम्पन्न भवन निर्माण गरिने छ ।

१२६. पुर्व-पश्चिम राजमार्गको ४० कि.मी देखि हुप्सेकोट रंगशालासम्मको सडक स्तरोन्नति गरि मुख्य निकास सडकको रुपमा विकास गरिने छ ।

१२७. यस आर्थिक वर्षमा गाउँपालिका भित्रका १९१ घरधुरीलाई खरको छाना मुक्त गरिने छ ।

१२८. निर्माणाधीन वडा कार्यालय भवनहरु रगाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्यलाई पूर्णता दिईने छ ।

१२९. धौवादी रुद्रपुरमा एक नमुना आवासीय विद्यालयको स्थापना गरिने छ ।

१३०. गाउँपालिका भित्रका मुख्य सडकहरुलाई कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१३१. गाउँपालिका हुँदै जिल्ला सदरमुकाम जोड्ने गिरुवारी-बेलुवा, जुगेपानी-कावासोती पक्कि सडक निर्माण कार्यलाई पूर्णता दिईने छ ।

१३२. गाउँपालिका भित्रका मुख्य सडक क्षेत्रहरुमा सडक बत्तिको प्रबन्ध मिलाई उज्यालो हुप्सेकोट नारालाई पूर्णता दिईने छ ।

१३३. साहसिक पर्यटन प्रबर्द्धनका साथै पर्यटन क्षेत्र सौन्दर्यकरण गर्नका लागी झरना खोला, राईनो झरना(गैंडा खोला), बसेनी झरनालाई बिशेष संरक्षण र प्रवर्धन गरिने छ ।

१३४. पाहडी क्षेत्रका मार्गहरुमा आकस्मिक बिसौनीका लागी उपयुक्त स्थानहरुमा प्रतिक्षालय निर्माण गरिने छ ।

१३५. अधुरो रहेको हुप्सेकोट चक्रपथ ट्र्याक निर्माणको बाँकी रहेको खण्डलाई सम्पन्न गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१३६. हुप्सेकोट सहरी खानेपानी योजनालाई पूर्णता दिनको लागि सहजीकरण गरिने छ ।

१३७. हुप्सेकोट गाउँपालिका भित्रका पाहडी क्षेत्रका खोलाहरुमा सहज आवागमनका लागी यस आर्थिक वर्षमा २ वटा झोलुंगे पुल निर्माण सम्पन्न गरिने छ र सम्पूर्ण झोलुंगे पुलहरुको मर्मतको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१३८. गाउँपालिका भित्रका सबै सहरी तथा ग्रामिण सडकहरुलाई सौन्दर्यकरण गर्नका लागी सडक किनारामा वृक्षारोपण कार्य गरिने छ ।

१३९. गाउँपालिकाको इज्जतको रुपमा रहेको धार्मिक पर्यटकीय क्षेत्र बिष्णुधामको बाँकी निर्माण कार्यलाई प्रदेश सरकारको समन्वयमा सम्पन्न गरिने छ ।

१४०. प्राकृतिक विपद तथा जमिन कटानलाई नियन्त्रण गर्न गिरुवारी खोला, पत्थर खोला र केरुंगे खोलाका प्रभावित क्षेत्रहरुमा तटबन्धनको कार्य अगाडी बढाईने छ ।

१४१. झ्यालबास-डण्डा सडकलाई आवश्यक स्तरोन्नति गरिने छ ।

१४२. शंखदेव चुवाड़ी धारा देखि वडा नं ४ को कार्यालय जाने सडक स्तरोन्नति गरिने छ ।

१४३. देउराली प्राथमिक अस्पतालको ५ शैया सहितको भवन निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरिने छ ।

१४४.

**देशमा लोकतन्त्रको स्थापना पश्चात राजनीतिक, सामाजिक र आर्थिक उपलब्धीलाई संरक्षण गर्दै यस गाउँपालिकालाई थप उन्नत बनाई "हामी हुप्सेकोट वासी हौं " भनि गर्वित हुने वातावरण तयार गर्ने बाटोमा माहामारीबाट प्रभावित सामाजिक आर्थिक क्षेत्रहरुलाई पुनःजीवन दिई विकास निर्माणलाई तिब्रता दिने अठोटका साथ आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्ताव पेश गरेको छु ।**

**प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट हाम्रो गाउँपालिकाको सामाजिक, आर्थिक तथा विकास कार्यक्रम चलायमान भई सबैलाई समान अवसर र सामाजिक न्याय मिल्ने छ भन्ने आशा लिएको छु ।**

**अन्तयमा हुप्सेकोटको समग्र बिकासमा योगदान गर्नुहुने सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधिज्युहरु, राष्ट्रसेवक कर्मचारी, निजि तथा सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सुरक्षा र संचार जगत लगायत सम्पूर्ण दिदीबहिनी दाजुभाई तथा विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।**

जय नेपाल !!!

लक्ष्मी देवी पाण्डे
अध्यक्ष
मिति २०७८/०३/१० गते